का.जि.प्र.का.द.नं. १००/०५९/६०

- वर्ष १८, अंक ११०
- २९ जेठ २०७७, बिहीबार
- 11 June 2020, Thursday

www.madhyanhadaily.com

पृष्ठ ४ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक


| अपडेट: बुधबार साँझसम्म | | संक्रमित | निको भएको | परीक्षण गरिएको | आइसोलेसनमा | मृत्यु |
|---|---|---|---|---|---|---|
| | नेपालमा | ४३६४ जना | ६७४ जना | ११०७७४ | ३६७५ | १५ जना |

स्रोत : स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

| | संक्रमित | निको भएको | मृत्यु भएको | उपचारत |
|---|---|---|---|---|
| विश्वभर | ७३ लाख ८७ हजार | ३६ लाख ४० हजार | ४ लाख १५ हजार | ३३ लाख ३० हजार |

स्रोत : वर्ल्डोमिटर डटकम

# एसईई परीक्षा नहुने

## लकडाउन खुकुलो बनाउने सरकारको निर्णय

**गएको चैत ११ गतेदेखि जारी देशव्यापी लकडाउनको स्वरूप फेरिने भएको छ । विभिन्न विषय विज्ञहरूसँग सुझाव लिएर प्रधानमन्त्री केपी शर्मा ओलीले लकडाउनको स्वरूप बदल्ने निर्णय गरेका हुन् ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, २८ जेठ ।

सरकारले लकडाउनको स्वरुप फेर्ने भएको छ । गएको चैत ११ गते देखि जारी देशव्यापी लकडाउनको स्वरुप फेर्ने निर्णय भएको हो । विभिन्न विषयका विज्ञहरुसँग परामर्श गरेका प्रधानमन्त्री केपी शर्मा ओलीले लकडाउनको स्वरुप फेर्ने निर्णय गरेका हुन् ।

परिवर्तित निर्णयअनुसार, विभिन्न चरणमा लकडाउन खोलिनेछ । बुधबार बजेट माथि जवाफ दिदैं प्रधानमन्त्री ओलीले लकडाउनको स्वरुप फेरिने जानकारी दिएका थिए । सरकारले आजबाटै खुकुलो गर्न थालिनेछ । पहिलो चरणमा कार्यालय, पसल व्यवसाय लगायत सञ्चालन गर्न दिने भएको छ । तर, उच्च सतर्कता अपनाउनुपर्नेछ । यसरी बिस्तारै लकडाउन हटाउने भएको छ ।

सरकारले माध्यमिक शिक्षा परीषा (एसईई) खारेज गर्ने निर्णय समेत गरेको छ । अब विद्यालयले दिएको आन्तरिक मूल्याङ्कनलाई नै आधार बनाएर अघिल्लो कक्षामा भर्ना गर्न सकिनेछ ।

### बढ्दो प्रदर्शन, व्यापारीको चेतावनी

मंगलबार राजधानी उपत्यकामा भएको प्रदर्शनले देशका अन्य स्थानमा पनि देखिन थालेको छ । क्वारेन्टिनमा रहेका सबैको परीक्षणको माग गर्दै मंगलबार बालुवाटार अगाडि प्रदर्शन भएको थियो । उक्त प्रदर्शन माथि प्रहरीले हस्तक्षेप गरी पानीको फोहरा प्रहार गरेको थियो ।

मंगलबार राजधानीमा प्रदर्शन भएपछि बुधबार कैलालीको घोडाघोडी नगरपालिकाले सञ्चालन गरेको आइसोलेशन वार्डमा बसिरहेका आरडिटी पोजेटिभ भएकाहरू पिसिआर परीक्षण माग गर्दै सडक आन्दोलनमा उत्रिएका छन् ।

नगरपालिकाले स्थानीय घोडाघोडी बहुमुखी क्याम्पसमा सञ्चालन गरेको आइसोलेशन वार्डमा बसेका आरडिटी पोजेटिभ भएकाहरू लामो समय भइसक्दा पनि पिसिआर परीक्षण नगरिएको, प्लाष्टिकको चामल खुवाइएको, चर्को गर्मी विद्युत् व्यवस्थापन नभएको, खानेपानीको समस्या रहेको र बारम्बार आग्रह गर्दा पनि कुनै व्यवस्थापन नगरिएको आरोप लगाउँदै आन्दोलित भएका हुन् । अर्का तर्फ व्यवसायीहरुले अब पनि लकडाउन कायम राख्ने हो भने प्रदर्शनमा उत्रने चेतावनी दिएका छन् ।

### थपिए २७९, ९० घर फर्किए

कोभिड १९ को संक्रमण बुधबार २७९ जनामा देखिएको छ । बाँकी पृष्ठ २ मा




कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्लाको आइसोलेशनबाट कोरोना निको भएर घर फर्किएका १८ जनालाई स्वास्थ्यबारे ध्यान दिन र सुरक्षित रहन सल्लाह दिँदै प्रमुख जिल्ला अधिकारी भूपेन्द्र थापा । *तस्वीर: मानदत्त रावल, रासस*

**प्रधानमन्त्रीको जवाफ**

# 'अहिले खर्च होइन, महामारीको चिन्ता गरौं'

**बजेटबारे जवाफ दिन प्रतिनिधिसभाको पोडियममा बसेका प्रधानमन्त्री केपी शर्मा ओलीले सांसदहरूले उठाएको बजेटमाथि भन्दा पनि सरकारमाथि लागेको आरोपको खण्डननमा समय बढी खर्चिए ।**



**मध्यान्ह संवाददाता**
काठमाडौं, २८ जेठ ।

प्रधानमन्त्री केपी शर्मा ओलीले कोभिड महामारी नियन्त्रण, रोकथाम र उपचारका लागि भएको खर्चबारे चिन्ता नगर्न आग्रह गरेका छन् । बजेट माथि उठेको प्रश्नको जवाफ दिन प्रतिनिधिसभाको पोडियममा बसेका प्रधानमन्त्री ओलीले बजेट भन्दा पनि सरकारमाथि लागेको आरोपका खण्डनन्मा समय खेर फालेका छन् ।

प्रधानमन्त्री ओलीले भने, "कहीं कतै दुरुपयोग भएकै हुन सक्दैन भनेर म दावी गर्दिन, भएकै छ भनेर सोच्नुपर्ने स्थिति पनि देख्दिन, अहिले कोरोना रोकथाम र उपचारका लागि भएको खर्चको हिसाबको चिन्ता नगरौं, कोभिड- १९ को चिन्ता गरौं ।"

प्रधानमन्त्री ओलीको लामो सम्बोधन पछाडि प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेसका सांसद गगन थापाले केही प्रश्न गरेका थिए । सांसद थापाले कोरोना महामारीको सन्त्रास रोक्न सरकारले वस्तुगत तयारीको साटो नेपालीको प्रतिरोधी क्षमता बलियो भनेर प्रचार गरिएको बताए । उनले भने, "नेपालीको प्रतिरोधी क्षमता बलियो छ भनेर कसले भन्यो ? सभामुख मार्फत् सरकारलाई प्रश्न छ- कसले भन्यो नेपालीको प्रतिरोधी क्षमता बलियो भनेर ?"

जवाफमा प्रधानमन्त्री ओलीले आफैंले भनेको बताएका थिए । प्रधानमन्त्री ओलीले राष्ट्रिय संकटका बेला, सिंगो दुनियाँमा यस्तो विपद् आइलागेका बेला यदि कसैले भ्रष्टाचार गर्छ भने कुनै हालतमा सह्य हुन नसक्ने बताए । भ्रष्टाचारमा संलग्न जो कोहीलाई पनि कारवाहीको दायरामा ल्याइने प्रधानमन्त्रीको दृढता छ ।

कोरोना नियन्त्रण र रोकथामका लागि भएको खर्चको हिसाब महालेखा परीक्षकको वार्षिक प्रतिवेदन र आन्तरिक लेखा परीक्षकबाट हुने व्यवस्था रहेको प्रधानमन्त्रीले बताए । अहिले भएको खर्चमा पारदर्शिता कायम गरिने भएकाले चिन्ता नगर्ने सांसदलाई सुझाव दिए ।

नेपालमा हालसम्म पहिचान भएका मध्ये ८५ प्रतिशतभन्दा बढी भारतबाट आएका व्यक्तिमा कोभिड -१९ संक्रमण भेटिएको प्रधानमन्त्री ओलीले बताए । "ठूलो संख्यामा परीक्षण गर्नुपरेका कारण केही अव्यवस्था देखिए पनि व्यवस्थापनमा सुधार ल्याउने प्रयास भइरहेको छ", प्रधानमन्त्री ओलीले भने ।

कोभिड-१९ संक्रमणलगत्तै भारतबाट हालसम्म दुई लाख २२ हजार ६१४ जना नेपाली स्वदेश आएकामा हाल दैनिक पाँच हजार हाराहारीमा आएका छन् । एकलाख ६५ हजार ७७५ जना क्वारेन्टाइनमा छन् । ठूलो संख्यामा एकैपटक क्वारेन्टिनमा राख्नुपरेको र पिसिआर टेष्ट गर्नुगरेको बताउँदै प्रधानमन्त्री ओलीले हालसम्म चार हजार ८५ जनामा कोरोना संक्रमण भेटिएको र संक्रमितमध्ये ५८४ जना उपचारपछि निको भएर घर फर्केको जानकारी दिए ।

मृत्यु भएका १५ जना कोरोनाकै मात्रै कारणबाट नभई कतिपय अरु रोगबाट सिकिस्त हुँदा कोरोना संक्रमण भएको प्रधानमन्त्री ओलीले बताए । मृत्यु हुनेको संख्याको तुलनामा निको भएर बाँकी पृष्ठ २ मा

# विदेशबाट नेपाली ल्याउन समय लाग्ने प्रधानमन्त्रीको प्रष्टोक्ति

**मध्यान्ह संवाददाता**
काठमाडौं, २८ जेड

प्रधानमन्त्री केपी शर्मा ओलीले नेपालमा क्वारेन्टिन व्यवस्थापनको समस्या रहेको भन्दै विदेशमा रहेका नेपालीलाई फिर्ता ल्याउन समय लाग्ने बताएका छन् । प्रतिनिधिसभाको बुधबारको बैठकमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय र प्रधानमन्त्रीले हेर्ने अन्य कार्यालयका लागि विनियोजत बजेटबारेको छलफलमा सांसदहरुले उठाएका प्रश्नहरुको जवाफ दिने क्रममा प्रधानमन्त्री ओलीले उक्त जानकारी दिएका हुन् ।

विदेशमा रोजगारी गुमाएका वा भिसा अवधि सकिएका नेपालीहरुमा स्वदेश फर्किने दवाब चर्को रहको छ । विदेशस्थित नेपाली दूतावासहरुले स्वदेश फर्किनैपर्ने बाध्यतामा रहका नेपालीहरुसँग अनलाइन आवेदन माग गर्दा ठूलो संख्यामा नेपालीहरुले आवेदन दिएका छन् ।

त्यसतर्फ ईंगित गर्दै प्रधानमन्त्री ओलीले भने, 'विदेशबाट फर्किनै पर्नेहरुलाई फर्काउने हो, उनीहरुलाई फर्काउने कार्यविधि पनि बनेको छ । तर क्रमशः फर्काउँदै जाने हो, शब ल्याउन नसक्दा ठूलो समस्या छ । तर एकै चोटी लयाउन गाह्रो छ । अव्यवस्थित ढंगले जानेभन्दा व्यवस्थित ढंगले जाने हो ।'

यसअघि नीति तथा कार्यक्रममाथि उठेका प्रश्नहरुको जवाफ दिँदा प्रधानमन्त्री ओलीले विदेशमा रहेका नेपालीलाई फर्काउने विषयमा नेपालको राष्ट्रिय क्षमतामा नै प्रश्न उठाएका थिए । उनले भनेका थिए, 'कतारले नेपालबाट आफ्ना सयजना नागरिक लैजानु र हामीले कतारबाट पौने चार लाख नेपालीहरुलाई ल्याएर व्यवस्थापन गर्नु एउटै विषय होइन । विदेशमा ४० देखि ४५ लाख नेपाली रहेका छन्, हामीसँग ४/५ वटा मात्र जहाज रहेका छन् । उनीहरुलाई कसरी फिर्ता ल्याउने हो, मेरो त गणित अलिक कमजोर छ, तपाईंहरु नै हिसाब लगाउनुहोस् ।'

त्यसपछि मन्त्रिपरिषद् बैठकले गत जेठ १२ गते कोभिड-१९ को विश्वव्यापी संक्रमणका कारण उत्पन्न असहज परिस्थितिमा स्वदेश ल्याउनैपर्ने आवस्थाका नेपालीहरुलाई स्वदेश आउन सहजीकरण गर्ने सम्वन्धि आदेश २०७७ जारी गरेको थियो । उक्त आदेश जारी भएपछि राजधानीमा २९ सय बेडसहितका होल्डिङ सेनटरहरु निर्माण गरिएका छन् ।

तर, बुधबार संसदमा जवाफ दिने क्रममा सोही स्तरको प्रष्ट भाषामा प्रधानमन्त्री ओलीले विदेशमा रहेका नेपालीलाई फर्काउन नसकिने बताउन नसकेपनि व्यवस्थित गर्ने नाममा ढिलाई गर्न खोजेको सन्देश दिएका छन् ।

विदेश खासगरी कुवेतमा आममाफी पाई डिटेन्सन सेन्टरमा रहेका नेपालीहरुले भने आफुहरुलाई स्वदेश फर्काउन अनिच्छा देखाएको भनेर प्रधानन्त्री ओलीविरुद्ध नै नारावाजी गरिरहेका छन् । कोरोना भाइरसको कारण विदेशमा रहेका १४ हजार ४ सय ५४ नेपालीलाई संक्रमण देखिएको बाँकी पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

### कुवेतमा चार नेपाली पक्राउ

काठमाडौं/मस- कोरोना भाइरस संक्रमणको उत्कर्षमा पनि कुवेतमा केही नेपाली कामदार अवैध मदिरा उत्पादन र व्यापारमा लागेको पाइएको छ । कुवेतको अल-आदानमा त्यहाँको प्रहरीले छापा मारी चार नेपालीलाई पक्राउ गरेपछि अवैध मदिराको उत्पादन र व्यापार भइरहेको सार्वजनिक भएको हो ।

पक्राउ परेका चार नेपालीमध्ये दुईजना महिला कामदार रहेका छन् । कुवेतको अनलाइन पोर्टल आइमानमाटका अनुसार नेपालीहरुले गोप्य रुपमा सञ्चालन गरेको मदिरा उत्पादन कारखानाबाट २ सय ७७ व्यारेल मदिरासहित मदिरा उत्पादनसँग सम्वन्धित सामग्री बरामद भएको जनाएको छ ।

कुवेतमा घरेलु मदिरा उत्पादन र विक्री गर्ने कामलाई गैरकानूनी मानिएको छ । कुवेत प्रहरीले पटक-पटक अवैध मदिरा उत्पादन गर्ने नेपाली कामदारलाई पक्राउ गरी कानूनी कारबाही गरेपनि केही नेपालीहरुले अवैध मदिराको कारोवार गर्न नछोडेको देखिएको छ ।

अवैध मदिरा उत्पादन, वितरण र सेवनका कारण नेपालीहरुको सामाजिक प्रतिष्ठामा समेत आँच आइरहेको त्यहाँस्थित नेपाली संघसंस्थाहरुले गुनासो गर्दै आएका छन् ।

# कर्णालीमा खस्यो टिपर

## दुई जनाको मृत्यु, ६ जना बेपत्ता

**सीमा क्षेत्रमा अलपत्र नागरिक उद्धार गरी क्वारेन्टिन लगिरहेको टिपर कर्णाली नदीमा खस्दा दुई जनाको मृत्यु भएको छ भने ६ जना बेपत्ता छन् ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, २८ जेठ ।

कोभिड महामारीका कारण सीमा पारी रोकिएका नागरिक उद्धार गरी क्वारेन्टिन लैजादै गरेको टिपर कर्णाली नदीमा खसेको छ । बुधबार बिहान कालीकोटको लालीघाटमा टिपर खस्दा दुई जनाको मृत्यु भएको छ भने ६ जना अझै बेपत्ता छन् । बुधबार साँझसम्म बेपत्ता फेला पर्न सकेका थिएन ।

मृतकको भने सनाखत भएको छ । कालीकोटको रास्कोट नगरपालिका-२ का २१ वर्षीया ठुम्की सार्की र २३ वर्षीया शर्मिला सार्की पहिचान भएको जिल्ला प्रहरी कार्यालय कालीकोटका प्रमुख श्यामबाबु ओलियाले बताए । दुर्घटनामा परी ६ जना बेपत्ता छन् । रास्कोट नगरपालिकाका सोविन्द्र सार्की, धीर सार्की, कुल सार्की, कमर सार्की, धनरुपा सार्की र प्रकाश सार्की बेपत्ता भएको प्रहरीले जनाएको छ । बेपत्ताको खोजीका लागि नेपाल प्रहरी, नेपाली सेना, सशस्त्र प्रहरीले खोजी कार्य जारी राखेको छ ।

दुर्घटनामा नौ जना घाइते भएका छन् । घाइते हुनेमा रास्कोट नगरपालिकाका अनिता सार्की, सपना सार्की, गोविन्द्र सार्की, मीना सार्की, कमला सार्की, देवराज सार्की, पूजा सार्की, विवेक सार्की, निस्पता सार्की छन् । उनीहरुको उपचार जिल्ला अस्पताल कालीकोटमा भइरहेको प्रहरीले जनाएको छ । बाइस जनाको भने सकुशल उद्धार गरिएको छ ।

कालीकोटको नरहरीनाथ गाउँपालिका-१ लालीघाटबाट रास्कोट नगरपालिकातर्फ जाँदै गरेको ना८ख ५१३३ बाँकी पृष्ठ २ मा



नरहरिनाथ गाउँपालिका-१ कालीकोट लालीघाटमा टिपर दुर्घटनामा गम्भीर घाइते भएका बिरामी । थप उपचारका लागि हेलिकोप्टरमार्फत काठमाडौँ लगिँदै । *तस्वीर : शुरबहादुर सिंह, रासस*

## मुलुकभर २४ हजार बढी नमुना थन्किए

# रिपोर्ट नआउँदा बढ्यो जोखिम

**मध्यान्ह संवाददाता**
काठमाडौं, २८ जेठ

जनशक्तिको अभाव र प्रयोगशालाको क्षमता कम भएकाले देशभर संकलन गरिएको स्वाब परीक्षणमा ढिलाई भएको छ। अहिले देशका विभिन्न स्थानका २१ वटा प्रयोगशालामा २४ हजार भन्दा बढी नमुना थुप्रिएका छन् ।

प्रयोगशालालाई आवश्यक सामग्री, जनशक्ति र ल्याबको क्षमता विस्तार हुन नसक्दा परिक्षणले तिब्रता पाउन नसकेको हो । पीसीआर परीक्षण गर्ने सबै प्रयोगशालामा भीटीएम, परीक्षण किट जस्ता सामान सहज रूपमा उपलब्ध हुन नसकेको अस्पतालहरुले बताएका छन् ।

प्रदेश पाँचमा पाँच हजार भन्दा बढी स्वाबको परीक्षण हुन बाँकी छ । प्रदेश दुईको स्वाब काठमाडौं ल्याएर परीक्षण गर्नुपर्ने बाध्यता छ। स्वाब धेरै थुप्रिएपछि सुदुरपश्चिमका केही दिनदेखि स्वाब संकलन नै रोकिएको छ ।



संकलन भएको स्वाबको पनि रिर्पोट आउन दुई सातासम्म लाग्न थालेको छ । स्वाब परीक्षणमा ढिलाई हुँदा क्वारेन्टिनवाटै संक्रमण फैलने जोखिम समेत बढेको छ । सरकारले भने असार १५ गतेबाट दैनिक १० हजार स्वाब परीक्षण गर्ने तयारी भइरहेको जनाएको छ।

महोत्तरीमा सुस्त स्वाब संकलन

महोत्तरीमा दिनदिनै कोभिड-१९ संक्रमित थपिँदै छन्। पीसीआर परीक्षणका लागि स्वाब संकलन र परीक्षण नतिजा आउने गति सुस्त देखिए पनि त्यहाँ दिनदिनै सार्वजनिक हुने तथ्यांकमा संक्रमितको संख्या थपिँदै गएको हो ।


पछिल्लोपटक मंगलबार महोत्तरीको जलेश्वर क्वारेन्टिनमा २८, बर्दिवासमा १५, मनराशिशवामा १३ र एकडाराको क्वारेन्टिनका चारजनामा संक्रमण पुष्टि भएको हो । यसअघि जिल्लाको मध्य र सुदूर दक्षिणी भेगमा मात्र संक्रमण पुष्टि हुँदै आएको थियो । पछिल्लोपटक मंगलबार एकैदिन १५ जनामा संक्रमण पुष्टि भएपछि उत्तरी क्षेत्रको बर्दिवास नगरक्षेत्रमा त्रास नै फैलिएको छ। यसअघि सोमबारमात्र बर्दिवासका एकजनामा संक्रमण पुष्टि भएको थियो ।

महोत्तरीमा पीसीआर परीक्षणका लागि स्वाब संकलन र परीक्षणको नतिजा (रिपोर्ट) आउने क्रम अत्यन्त सुस्त भएको जताततै गुनासो बढेको छ। मंगलबार ८८ क्वारेन्टिनमध्ये कतै पनि पीसीआर परीक्षणका लागि स्वाब संकलन हुन सकेन । त्यहाँ सोमबारसम्म एक हजार ९०९ जनाको स्वाब संकलन गरिएको थियो। जसमध्ये हालसम्म ७०८ जनाको मात्र परीक्षण नतिजा आएको छ। स्वाब परीक्षण गरिएका मध्ये एक हजार २०१ को परिणाम आउन बाँकी छ ।

## बृहत्तर यौनिकता शिक्षा विद्यालयका बालबालिकामा मात्र सिमित : प्रतिवेदन

**काठमाडौं/मस-** विद्यालय बाहिर रहेका बालबालिका, अपाङ्गता र यौन तथा लैंङ्गिक अल्पसंख्यकीहरुका सवालहरुलाई सम्बोधन नगर्दा अहिलेको अवस्थामा बृहत्तर यौनिकता शिक्षा विद्यालय जाने बालबालिकामा मात्रै सीमित भएको पाइएको छ ।

'यौन शिक्षामा बहुआयामिक अवधारणा' शीर्षकमा 'राइट हेयर राइट नाउ' नामक संस्थाले हालै गरेको अध्ययनबाट उक्त तथ्य सार्वजनिक भएको हो । नेपालमा बृहत यौन शिक्षालाई संस्थागत गरी पैरवी गर्नको निम्ति गरिएको उक्त अध्ययनले अहिलेपनि विद्यालय बाहिर रहेका बालबालिका बृहत्तर यौनिकता शिक्षाको महत्व र जानकारीबाट बञ्चित भएको देखाएको छ ।




उक्त अध्ययनले वर्तमान नीति र निर्देशिकाहरुपनि अपाङ्गता भएका र यौन तथा लैंङ्गिक अल्पसंख्यकहरुको बृहत्तर यौनिकता शिक्षाको आवश्यकताबारे मौन रहेकोसमेत उल्लेख गरेको छ । खासगरी, अपाङ्गता भएका र लैंङ्गिक अल्पसंख्यक किशोरकिशोरीहरु बृहत्तर यौनिकता शिक्षा सम्बन्धी कुनै पनि तालिम वा अभिमुखीकरणबाट बञ्चित रहेकोसमेत उक्त अध्ययनले दर्शाएको हो। शिक्षणको गुणस्तरमा सुधार आवश्यक मुलुकको वर्तमान शिक्षण प्रणालीमा यौनिकता शिक्षा, विशेषगरी यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धि कक्षा सञ्चालनमा सुधार गर्नुपर्ने अवस्था अध्ययनले देखाएको छ। प्रतिवेदनले यौन तथा प्रजनन् स्वास्थ्यको पाठ पढाउँदा शिक्षकर शिक्षिकाहरुले अप्ठ्यारो मान्ने, किताबमा त्यो पाठका पानाहरुलाई स्टेपलरले स्टिच गरिदिने जस्ता पक्षहरुलाईसमेत औंल्याएको छ ।

यस्तै, तालिम मात्रैले शिक्षणको गुणस्तरमा सुधार ल्याउन अपर्याप्त हुने बृहत्तर यौनिकता शिक्षा सम्बन्धी तालिमले शिक्षक र शिक्षिकाहरुलाई केही हदसम्म मद्दत गरेपनि यो पर्याप्त नभएको अध्ययनले देखाएको छ ।

शिक्षकरशिक्षिकाहरुले तालिमबाट प्राप्त भएको ज्ञानलाई बिर्सिने, सरुवा हुने भएकोले बेलाबखतमा शिक्षकर शिक्षिकाहरुलाई पुनर्रताजगी तालिम पनि आवश्यक भएको अध्ययन प्रतिवेदनमा उल्लेख छ। विद्यालयको भौतिक अवस्था र वातावारणले गर्दा विद्यार्थीहरुले खुलेर कुरा गर्न नसक्नु विद्यालयहरुको भौतिक पूर्वाधार र सुबिधाहरु त्यति किशोर किशोरी मैत्री नभएकाले गर्दा किशोर र किशोरीहरुले खुलेर यौन तथा प्रजनन् स्वास्थ्यसम्बन्धि आफ्ना जिज्ञासाहरु राख्न नपाएको पनि उक्त अध्ययनले पुष्टी गरेको छ ।

केही विद्यालयहरु जहाँ मनोसामाजिक परामर्शदाता र किशोर र किशोरी मैत्री अध्ययन कोठाहरु उपलब्ध छन्, त्यहाँ किशोर र किशोरीहरुले केही खुलेर आफ्नो धारणा र जिज्ञासाहरु राख्ने गरेको पाइएको छ । अध्ययन प्रतिवेदनमा भनिएको छ, 'परिवर्तन र सुधारको लागि निश्चय नै केहि समय लाग्ने गर्छ, यो हतारमा हुने कुरा होइन । हाम्रो पाठ्यक्रममा कतिपय एकदमै प्राविधिक शब्दावलीहरुको पनि प्रयोग भएको पाइन्छ , जुन सबै शिक्षक र शिक्षिकाहरुले बुझ्छन् भन्ने छैन । त्यसैले हामीले पाठ्यक्रम विकास गर्दा उपयुक्त छलफल र किशोर र किशोरी मैत्री भाषाको प्रयोग गर्नुपर्ने देखिन्छ ।'

यसैगरी, बृहत्तर यौनिकता शिक्षाका अभियानहरुको बारेमा स्थानीय सरकारसँगको फितलो समन्वय स्थानीय सरकार वा पालिकाहरुलाई बृहत्तर यौनिकता शिक्षाका बारेमा छलफल र विद्यालयहरुमा भएका अभियानहरु केन्द्रीय स्तर वा राजधानीमै सीमित भएकाले यस्ता गतिविधिको बारेमा अन्य जिल्ला, प्रदेशमा खासै जानकारी नहुँदा स्थानीय निकायसँगको समन्वय कमजोर भएको प्रतिवेदनले स्पष्ट पारेको छ।

प्रतिवेदनले कक्षा स्तरीय र निर्देशित कार्यक्रम योजना तर्जुमा बृहत्तर यौनिकता शिक्षाको योजना तजुमा गर्दा विद्यालय बाहिर रहेका, अपाङ्गता भएका, यौन तथा लैंङ्गिक अल्पसंख्यक र विशेषगरी निम्न माध्यमिक तहका किशोर-किशोरीहरु (कतिपय किशोरीहरुले माध्यमिक तह पुग्नु अगावै पढाइ छोड्ने पनि अवस्था देखिएकाले) लक्षित गर्न आवश्यक भएको औल्याएको छ ।

यसैगरी, कक्षा ६ देखि १० को स्वास्थ्य, जनसंख्या तथा वातावरण बिषयको पाठ्यक्रममा यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धि बिषयबस्तु समावेश गर्दा पनि हरेक कक्षाको पाठ्यक्रममा किशोरकिशोरीको उमेरलाई ध्यानमा राखेर बनाउनुपर्ने, विद्यालयहरुको सुविधा र भौतिक पूर्वाधार र खुल्ला छलफलको वातावारणमा सुधार, विद्यालयहरुको वर्तमान सुविधा र पूर्वाधारहरुमा सुधार गर्नुपर्ने, छुट्टै मनोसामाजिक परामर्शदाता र किशोर किशोरीमैत्री कोठाहरुको प्रावधान हुनुपर्छ जसले गर्दा किशोर किशोरीहरुले निर्धक्क भएर आफ्ना समस्या र जिज्ञासाहरु राख्न सक्ने कुरा सुझावको रुपमा प्रस्तुत गरेको छ ।

यसैगरी, शिक्षक-शिक्षिकाहरुलाई तालिम पनि एकपटकको मात्रै नभई निरन्तर कार्यक्रमकोरुपमा सञ्चालित हुनुपर्ने, बृहत्तर यौनिकता शिक्षाको अवधारणालाई लैंङ्गिकता, मानवअधिकार र नैतिक शिक्षाको दृष्टिकोण पनि समावेश गर्दै अझै बृहत बनाउन हालको पाठ्यक्रममा लैंङ्गिकता, मानव अधिकार र नैतिक शिक्षाको दृष्टिकोण समावेश गर्दै अझै बृहत बनाउने कार्य गरियो भने किशोरकिशोरीहरुले आफ्नो यौनिकता सम्बन्धी अझ बढी ज्ञान हासिल गर्न सक्ने समेत प्रतिवेदनमा उल्लेख छ। विशेष गरेर यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धि जानकारी किशोरकिशोरीहरुलाई कक्षाकोठामा मात्रै सीमित नभएर घर, परिवार र समुदायसम्म पनि पुऱ्याउनुपर्ने प्रतिवेदनले सुझाएको छ ।

यस्तै, बृहत्तर यौनिकता शिक्षा सम्बन्धी ज्ञान र चेतना समुदायस्तरमा पनि विभिन्न पैरवीका कार्यक्रमहरु सञ्चालन गरी फैलाउनुपर्ने, बृहत्तर यौनिकता शिक्षा सम्बन्धी गुणस्तरीय अनुसन्धान र कार्यक्रमहरुको प्रभावकारिताको उचित मुल्याङ्कन गुणस्तरीय मुल्याङ्कनको अध्ययन अनुसन्धानले यौन तथा प्रजनन् स्वास्थ्य शिक्षाका वर्तमान आवश्यकता र कमिकमजोरीको बारेमा नीति निर्माणकर्ता र अभियान्ताहरुलाई बुझ्न मद्दत पुग्नेसमेत प्रतिवेदनमा उल्लेख छ ।

# चरिकोट अस्पतालको बेथिति रोक्न कांग्रेसको ज्ञापनपत्र

**राजन बस्नेत/मध्यान्ह**
चरिकोट, २८ जेठ

प्रस्तावित चरिकोट अस्पतालविरुद्ध नेपाली कांग्रेस भिमेश्वर नगर समितिले ज्ञापन पत्र बुझाएको छ । न्याय हेल्थ नेपालद्धारा संचालित प्राथमिक स्वास्थ्य केन्द्र, चरिकोटमा पछिल्लो समय भएको भनिएको भ्रष्टाचारको छानबिन र बर्खास्तमा परेका कर्मचारीलाई पुर्नबहालीको माग गर्दै विरोध ¬यालीसहित जिल्ला प्रशासन कार्यालय, भीमेश्वर नगरपालिका र न्याय हेल्थको कार्यालयमा ज्ञापनपत्र बुझाएको हो ।




नगर सभापति राजेश श्रेष्ठ, नेपाली काँग्रेसका नेता बर्मा लामा, ईश्वर नारायण मानन्धर, केशवराज चौलागाईं, सन्तोष रिमाल, बाबुकाजी बस्नेत, बाल कृष्ण आचार्य (सूर्य) राकेश श्रेष्ठ, दावा लामा, भीम खड्का, रामजी चौलागाईं राजु लामा लगायतका नेता तथा कार्यकर्ताहरुको सहभागिता थियो ।

दातासँगबाट अनुदान ल्याएर निःशुल्क स्वास्थ्य सेवा दिने सम्झौता गरेको न्याय हेल्थ नेपाल नामक गैरसरकारी संस्थाले सरकारी अस्पतालमा बिरामीसँग रकम असुल गरी ठगी गरेको खुल्न आएको छ ।

अमेरिकी दातासँग अनुदान ल्याएर जिल्लाभरका नागरिकलाई निशुल्क स्वास्थ्य सेवा दिने भन्दै स्वास्थ्य मन्त्रालयसँग २०७२ माघ ५ गते सम्झौता गरी व्यवस्थापन जिम्मा लिएको एनजिओले चरिकोट अस्पतालमा आएका बिरामीसँग १० हजारदेखि एकलाख ५२ हजारसम्म ठगी गरेको खुलासा भएको हो ।

विभिन्न शल्यक्रिया गर्नुपर्ने बिरामी र दुर्घटनामा अंगभंग भएकालगायतका बिरामीलाई शल्यक्रिया गर्नुअघि एनजिओका स्वास्थ्यकर्मीले रकमको माग गर्ने गरेको बिरामीका कुरुवाहरुले बताउने गरेका छन् ।

सामग्रीको कृत्रिम अभाव देखाइ बाहिरबाट सामग्री खरिद गर्नुपर्ने भन्दै कतिपय विल सहित र विलरहित रकम ठगी गर्ने गरेको बिरामीका आफन्तले आरोप लगाएका छन् ।

गाडी दुर्घटनाका एक बिरामीको गोडाको अपरेसन गर्न एनजीओका स्वास्थ्यकर्मीले एकलाख ५२ हजार लिएको नाम नबताउने सर्तमा जानकारी दिए। काठमाडौंलगायतको स्थानमा शल्यक्रिया गर्दा ६/७ लाख लाग्ने तर यहिँ अपरेसन गरे डेढ लाख मात्र लाग्ने बताएपछि शल्यक्रियाको सामग्रीको एकलाख ५२ हजार तिरेको उनको भनाइ छ । हतारहतार पैसा मागेकाले आफन्तसँग ऋृण गरेर अस्पतालमा विल पछि लिने सर्तमा बुझाए पनि विरामी निको भएर घर जाने बेला भयो अब किन बिल चाहियो भनेर तर्कने गरेको बताए ।

चरिकोट अस्पतालका सरकारीतर्फका सूचना अधिकारी शान्तिप्रसाद न्यौपानेले अस्पतालमा सबैप्रकारको सेवा निःशुल्क नै रहेको जनाउँदै व्यवस्थापनको जिम्मा न्याय हेल्थले लिएकोले त्यसबारे आफूलाई केही जानकारी नभएको मध्यान्हलाई जानकारी दिए ।

न्याय हेल्थ नेपाल दोलखाका मेडिकल डाइरेक्टर विनोद दंगालले अस्पतालमा टार्गेटेड बिरामीको लागि सामग्री हुने र बिरामीको संख्या धेरै भएकाले शल्यक्रिया सामग्री सकिएकाले खरिदका लागि रकम लिनु परेको स्वीकार गरेका छन् ।

स्वास्थ्य मन्त्रालयका तत्कालीन नीति योजना तथा अन्तराष्ट्रिय सहयोग महाशाखाका प्रमुख महेन्द्रप्रसाद श्रेष्ठ र न्याय हेल्थ नेपालका गभरनेन्स एण्ड पार्टनरसिप डाइरेक्टर एसपी कलौनी बीच ५ वर्षअघि चरिकोट प्राथमिक स्वास्थ्य केन्द्र व्यवस्थापन जिम्मेवारी सम्बन्धि भएको सम्झौता पत्रको सेवा सम्बन्धि व्यवस्थामा निःशुल्क सेवा प्रदान गर्नुपर्ने उल्लेख छ । जिल्ला सदरमुकाम चरिकोटमा रहेको प्रस्तावित चरिकोट अस्पतालका स्वास्थ्यकर्मीहरु आन्दोलनमा उत्रिएका छन् ।

बिश्वब्यापी रुपमा कोरोना माहामारी भइरहेको बेला अस्पतालमा कार्यरत रहेका झन्डै ३ दर्जन कर्मचारीहरुलाई सेवाबाट निकालेको बिरोधमा स्वास्थ्यकर्मीहरु आन्दोलनमा उत्रिएका हुन् ।

'कोरोनाको महामारी बिनोद दङ्गाल भ्रष्टाचारी' 'माहामारिको बेला कर्मचारी कटौती बन्द गर' 'डा.बिनोद दङ्गाल अस्पतालको मनपरितन्त्र बन्द गर' 'कर्मचारिको माथिको थिचोमिचो बन्द गर' लगायतका प्लेकार्ड बोकेर स्वास्थ्यकर्मीहरु सोमबारदेखि आन्दोलनमा उत्रिएका हुन् ।

न्याय हेल्थ नेपाल बाट संचालित अस्पतालले एक्कासि कर्मचारी निकालिएको बिरोधमा आन्दोलनमा उत्रनु परेको संघर्ष समितिका संयोजक सन्तोष पोखरेलले बताए ।

बिरोध कार्यक्रमलाई सामान्य रुपमा लिए कडा आन्दोलनमा उत्रने पोखरेलको चेतावनी छ। तर, अस्पतालका हेल्थ केयर डाइरेक्टर बिनोद दङ्गाललाई सम्पर्क गर्दा दङ्गालको फोन भने उठेन ।

### एसईई...

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले गरेको नियमित पत्रकार सम्मेलनमा मन्त्रालयका प्रवक्ता डा जागेश्वर गौतमले विभिन्न प्रयोगशालामा गरिएको परीक्षणमा पुरुष २५७ र महिला २२ जनामा संक्रमण देखिएको बताए ।

नयाँ सँगै संक्रमितको सङ्ख्या चार हजार ३६४ पुगेको छ । ती मध्ये पुरुष चार हजार ५५ र महिला ३०९ जना छन् । कोभिड १९ को सङक्रमणबाट बुधबार ९० जना निको भएर घर फर्किएका छन् । विभिन्न अस्पतालमा ८८ पुरुष र दुई महिला पूर्णरुपमा निको भएको मन्त्रालयका प्रवक्ता डा गौतमले जानकारी दिए ।

उनका अनुसार कोशी अस्पतालबाट एक महिला र पाँच पुरुष, सशस्त्र प्रहरीको बलम्बु अस्पतालबाट एक महिला, कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट १८ पुरुष, बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानबाट एक पुरुष, कोभिड १९ अस्पताल जनकपुरबाट ३७ पुरुष, सप्तरीको महेन्द्र गेनाई आइसोलेसनबाट २० पुरुष, कोरोना अस्पताल दाङबाट सात पुरुष छन् । हालसम्म ६७४ जना डिस्चार्ज भइसकेका छन् । तीमध्ये ५९५ पुरुष र ७९ महिला छन् ।

### प्रधानमन्त्रीको...

फर्कनेको संख्या निकै राम्रो भएको उल्लेख गरे ।

नेपालीमा प्रतिरोध क्षमता र उपचारको प्रबन्ध निकै राम्रो भएकाले संक्रमित र अरु देशको तुलनामा मृत्यु हुनेको संख्या आगामी दिनमा ठूलो नहुने जिकिर गरे । विदेशमा १४ हजार ४१४ गैरआवासीय नेपालीमा कोरोना संक्रमण रहेको तथा १३ मुलुकमा १२७ नेपालीको निधन भएको, अहिले दैनिक पाँच हजारको संख्यामा कोरोना परीक्षण भइरहेको र नयाँ प्रविधिको प्रयोग गर्ने विषयमा सरकारले तदारुकताका साथ काम भइरहेको जानकारी प्रधानमन्त्रीले दिए ।

### विदेशबाट...

छ भने २२ जनाको कोरोना सक्रमणकै कारण ज्यान गएको सार्वजनिक भएको छ । अन्तरर्राष्ट्रिय उडानमाथिको प्रतिवन्धका यसबीचमा विभिन्न कारणबाट मृत्यु भएका २ सय ३८ जना नेपालीको शब विदेशमै रहेको छ।

कुवेतमा आममाफीमा सहभागी नेपालीलाई लिएर बुधबार काठमाडौं आउने भनिएका दुईवटै जहाज बुधबार उड्न सकेनन् । ती फ्लाईट उडान बिहीबार मात्रै हुने बताइएको छ। कुवेतका लागि नेपाली राजदूत दुर्गा भण्डारीका अनुसार कुवेतमा आममाफीमा सहभागी भएका र डिपोर्टटेसन सेन्टरमा रहेको २ हजार ९ सय ९१ जनाको नाम परराष्ट्र मन्त्रालयलाई पठाइएको छ । बिहीबार आउने दुई फ्लाईटमा उनीहरुमध्येका रहेको बताइएको छ ।

### कर्णालीमा...

नम्बरको टिपर कर्णाली नदीमा खसेको थियो । टिपरमा ३९ यात्रु थिए ।

**पाच दुर्घटना, सात जनाको मृत्यु**

मंगलबार देखि बुधबारसम्म राजधानी काठमाडौं सहित मकवानपुर, कैलाली, सिरहा र धनुषामा भएका सवारी दुर्घटनामा परी सातजनाको मृत्यु भएको छ । काठमाडौंको गोकर्णेश्वर नगरपालिका-६ नयाँबस्तीमा विपरीत दिशाबाट आएका मोटरसाइकल ठोक्किदा मकवानपुरको थाहा नगरपालिका-२ का २५ वर्षीय सर्जन नेपालीको मृत्यु भएको छ।

कैलालीको घोडाघोडी नगरपालिका-१ स्थित सडकमा द्रुतगतिमा रहेको कारले साइकललाई ठक्कर दिँदा सोही ठाउँका २६ वर्षीय साइकल चालक सोर्निमा चौधरी र साइकलमा सवार उनका पाँच वर्षीय छोरा कृष्टलको मृत्यु भएको केन्द्रीय प्रहरी समाचारकक्षले जनाएको छ। घाडाघोडी अस्पताल सुखडमा उपचारको क्रममा दुबै जनाको मृत्यु भएको हो ।

कैलालीकै गोदावरी नगरपालिका-४ बुढीतोलामा चालकले मोटरसाइकलको सन्तुलन नियन्त्रण गर्न नसक्दा २९ वर्षीय भक्त खनालको मृत्यु भएको भने लम्कीचुहा नगरपालिका-८ गप्का सडकमा ट्र्याक्टरले मोटरसाइकललाई ठक्कर दिँदा त्यसका चालक सोही नगरपालिका-९ प्रतापपुरमा स्थायी बसोबास भएका ४० वर्षीय टेकराज घिमिरेको मृत्यु भएको छ ।

सिरहाको धनगढीमाई नगरपालिका-११ छप्रारीस्थित सडकमा रोकर राखेको ट्याङ्करलाई अर्को ट्याङकरले ठक्कर दिँदा रोकिएको ट्याङ्करका चालक भारतीय नागरिकको ज्यान गएको छ । धनुषाको लक्ष्मीनिया गाउँपालिका-३ गजरियामा बालुवा बोकेको ट्र्याक्टरले सोही गाउँपालिकाका रमेश शर्माको छोरी तीन वर्षीया सम्झना कुमारीलाई ठक्कर दिँदा बालिकाको घटनास्थलमै मृत्यु भएको जनाइएको छ। दुर्घटनामा घाइते भएकाहरूको सम्बन्धित जिल्लाका अस्पतालमा उपचार भइरहेको र सवारी साधनलाई नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ ।


## Limchungbung Rural Municipality
Office of the Rural Municipal Executive
Baraha, Udayapur

## Notice of Shortlisted Consultants

Notice No. 01/2076/077
Date: 2077/02/29

***Name of Project: Preparation of Master Plan and Periodic Plan***

1. Pursuant to the Notice for Expression of Interest (EOI) published by Limchungbung Rural Municipality, Baraha, Udayapur on 2076/11/11, the following applicants have been shortlisted for "Preparation of Master Plan and Periodic Plan of LRM".

| S.N. | Name of Shortlisted COnsultants | Address | Remark |
|---|---|---|---|
| 1. | Bright Future International Pvt. Ltd. (BFI) | Subidhamarga, KMC-10, Mid-Baneshwor | |
| 2. | MSE-AEC-NPES | Kupandole, Lalitpur | |
| 3. | GOEC-C2TECH(GIDA)-GIDAN JV | New Baneshwor, Kathmandu | |

2. Limchungbung Rural Municipality shall contact the Shortlised Consultants to issue the Request for Proposal (RFP) in due course of time.

**-Chief Administrative Officer**

# भारतमा एकैदिन २७९ को मृत्यु

**नयाँदिल्ली, एजेन्सी-** भारतमा कोरोनाभाइरसका कारण एकैदिनमा झण्डै दश हजार जना संक्रमित भएका छन् । सरकारी अधिकारीहरूले बुधबार दिएको जानकारीअनुसार पछिल्लो २४ घण्टामा भारतमा ९ हजार ९८५ जना संक्रमित भएको पुष्टि भएको हो ।



योसँगै भारतमा कुल संक्रमितको संख्या दुई लाख ७६ हजार ५८३ पुगेको पनि स्वास्थ्य अधिकारीहरूले जानकारी दिएका छन् ।

भारतको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले पछिल्लो २४ घण्टामा २७९ जनाको मृत्यु भएको जनाएको छ । योसँगै भारतमा अहिलेसम्म कोरोनाका कारण मृत्यु भएकाहरूको संख्या ७ हजार ७४५ पुगेको छ ।

भारतमा अहिले पनि एक लाख ३३ हजार ६३२ जना संक्रमित अवस्थामै रहेका छन् भने सङ्क्रमण मुक्त भएकाहरूको संख्या एक लाख ३५ हजार २०५ रहेको मन्त्रालयले जनाएको छ । कोरानाभाइरसको संक्रमण भारतमा सवैभन्दा धेरै महाराष्ट्र प्रदेशमा देखिदै आएको छ । महाराष्ट्रमा मात्रै बुधबारसम्म ९० हजार ७८७ जना सङ्क्रमित भएका छन् ।

दोस्रो धेरै संक्रमित भएको तमिलनाडु प्रदेशमा भने ३४ हजार ९१४ जना सङ्क्रमित रहेका छन् । मेडिकल रिसर्च परिषद्का अनुसार पछिल्लो २४ घण्टामा भारतमा एक लाख ४५ हजार २१६ जनाको कोरोना परिक्षण गरिएको छ । भारतमा अहिलेसम्म ५० लाख ६१ हजार ३३२ जनाको कोरोना परिक्षण गरिएको छ ।

# फ्लोइडको भयो अन्त्येष्टि



**होस्टन, एजेन्सी-**अमेरिकामा हत्या गरिएका अश्वेत नागरिक जर्ज फ्लोएडको मंगलबार अन्त्येष्टि गरिएको छ । उनका इष्टमित्र, छिमेकी र समर्थकहरूले अन्त्येष्टि समारोहमा उनलाई “महान फ्लोएड” भन्दै स्मरण गरेका थिए ।एक जना स्वेत प्रहरीले अश्वेत फ्लोएडलाई घाँटी थिचेर हत्या गरेको देखाउने भिडियो सार्वजनिक भएकाले उनको हत्या भएको दाबी गरिएको छ ।

होस्टन चर्चमा भएको अन्त्येष्टि समारोहमा झण्डै पाँच सय जना शुवेच्छुक तथा इष्टमित्रहरू सहभागी भएका थिए । उनीहरू सबैले कोरोनाभाइरसको संक्रमणबाट जोगिनका लागि मुखमा मास्क लगाएका थिए ।

हत्या भएको झण्डै दुई हप्तापछि उनको अन्त्येष्टि भएको हो । उनको हत्या भएको र अमेरिकामा अश्वेत नागरिकहरूलाई यस्तै अन्याय पटक पटक हुने गरेको भन्दै आन्दोलन भएको थियो । उनीहरूले यस्ता घटना फेरी फेरी दोहोरिन नदिन र फ्लोएडलाई न्याय दिन माग गरेका थिए ।

फ्लोएडको हत्याको विरुद्धमा प्रदर्शनमा उत्रिएकाहरूले अहिलेको आन्दोलनले विश्वव्यापी रुप लिएको र आगामी दिनमा यस्ता घटना हुन नदिन सहयोग गर्ने विश्वास व्यक्त गरेका छन् ।


अन्त्येष्टिमा सहभागीहरूको भनाई थियो, उहाँको हत्याका विरुद्धमा भएको आन्दोलनले यस्ता घटना न्युनिकरणका लागि सहयोग गर्ने विश्वास गर्न सकिन्छ ।

उनीहरूले ४६ वर्षीय फ्लोएड हत्या काण्ड र त्यसपछिको आन्दोलनले विश्वलाई नै परिवर्तन गर्ने र प्रेरणाको श्रोत हुने पनि बताएका छन् ।

उनको मिनियापोलिस स्थित प्रहरी कार्यालयमा हिरासतमा रहेको बेला निधन भएको थियो । उनको हत्या सम्वन्धी भिडियोमा उनलाई आठ मिनेट ४६ सेकेण्डसम्म घाटी थिचिएको देखाइएको छ । घाटी थिचिरहदाँ आफुलाई श्वास फेर्न गाह्रो भएको भन्दै छट्पटाई रहेको भिडियोले आन्दोलनकारीलाई थप आन्दोलित बनाएको उहाँका समर्थकहरूको भनाई छ ।

अमेरिका बाहेक अन्य धेरै देशमा उनँको हत्याका विरुद्धमा आन्दोलन भएको थियो भने अमेरिकामा मात्रै दर्जनभन्दा बढी मानिसको यही आन्दोलनका क्रममा मृत्यु भएको छ । आन्दोलन चर्किएकाले अमेरिकाका ४० भन्दा बढी सहरमा कर्फ्यु लगाउनु परेको थियो । प्रदर्शनकारीले कर्फ्यु समेत तोडेर प्रदर्शन गरेका थिए ।

# लकडाउनले ११ युरोपेली मुलुकमा धेरैको ज्यान बचायो




**लन्डन, एजेन्सी**-युरोपका विभिन्न ११ ओटा देशमा कोभिड १९ विरुद्धको महामारीबाट ठूलो संख्याका नागरिकको ज्यान बचाउन सक्ने एक अध्ययनले देखाएको छ । ती देशले गत मार्चको २ देखि २९ तारिखसम्म विद्यालय, पार्कलगायत मानिसहरू जम्मा हुने सबै स्थानमा प्रतिबन्ध लगाउनुका साथै देशव्यापी रुपमा लकडाउन गरेका थिए ।

त्यसले धेरै नागरिकको ज्यान बचाएको भन्दै लकडाउनले ती देशका कम्तीमा पनि ३० लाख मानिस मर्नबाट बचाएको यो अध्ययनमा देखाएको हो ।

यदि युरोपेली देशहरूले कोभिडको महामारी नियन्त्रण गर्नका लागि लकडाउना साथै विना औषधीका विभिन्न नियन्त्रणात्मक विधिहरू नअपनाएको भए लाखौं नागरिकको ज्यान जान सक्ने सो अनुसन्धानले बताएको छ ।

युरोपका इटाली, स्पेन र बेलायतमा कोभिड १९ को महामारीबाट सबैभन्दा ठूलो क्षति पुगेको समाचारहरूमा जनाइएको छ ।

# अफगानिस्तानमा बम विस्फोट

**अफगानिस्तान, एजेन्सी-** अफागानिस्तानको उत्तरी प्रान्त बाल्खमा मंगलबार भएको बम विस्फोटमा परी एकजना जिल्ला प्रमुखसहित पाँच जनाको ज्यान गएको छ ।

जिल्ला प्रमुख बाहेकका बाँकी चार जना पनि अफगानिस्तानको सरकार समर्थित लडाकूहरू रहेको बताइएको छ ।

उत्तरी अफगानिस्तानको सोरतेपा जिल्लाका जिल्ला प्रमुख क्वारी इब्राहिमको ज्यान गएको हो । साथै सो जिल्लाका स्थानीय मिलिसिया चार जनाको ज्यान गएको हो ।

# जेलमुक्त भएका तालिबानहरू फेरि युद्धमैदानमा जानसक्ने चिन्ता

**काबुल, एजेन्सी–** अफगानिस्तानका विभिन्न जेलबाट मुक्त गरिएका लडाकूहरू फेरि पनि युद्धमैदानमा जान सक्ने अनुमान गर्न थालिएको बताइएको छ ।



अफगानिस्तानको सरकारले ठूलो संख्याका तालिबान लडाकूहरूलाई जेलमुक्त गर्ने भएको छ । तालिबानहरूले अफगान र अमेरिकी सरकारसँग वार्ता गर्नका लागि आफ्ना बन्दीहरूलाई मुक्त गर्न भनेका छन् ।

तालिबान संगठनको यो पहिलो शर्तका लागि सरकार पनि तयार भएको छ । सोही शर्तका आधारमा अफगानिस्तानको सरकारले आफ्नो जेलमा रहेका ती तालिबान लडाकूहरूलाई जेलमुक्त गर्ने भएको छ ।

तर पनि यो तयारीसँगै हजारौं जना बाहिर निस्किने ती लडाकूहरू फेरि लडाईंको मैदानमा नै जाने र अफगान तालिबानलाई सहयोग गर्नसक्ने चिन्ता भने सरकारलाई रहेको छ ।

सुरक्षा निकायहरूले पनि यस विषयमा व्यापक रुपमा चासो लिएको पाइएको छ । सुरक्षा अंगहरूले ती लडाकूहरूले पछि जेलबाट निस्किएपछि फेरि तालिबानको युद्धमा सहभागी त हुदैनन् भनेर पनि विचार गरिरहेका छन् ।

त्यसैले उता सरकारले ती लडाकूहरूलाई रिहा गर्ने तयारी गरिरहेका बेला यता सुरक्षा निकायहरूले पनि उच्च सुरक्षा सतर्कता अपनाएको बुझिएको कतिपय समाचारहरूमा जनाइएको छ ।

अफगानिस्तानको सरकार, अमेरिका र तालिबानबीच केही महिनाअघि कतारको राजधानी दोहामा भएको सम्झौताबमोजिम तालिबानहरू पनि शान्ति वार्तामा आउने भएका हुन् ।

उनीहरूकै मागअनुसार अमेरिकाले पनि अफगानिस्तानबाट आफ्ना सेना फिर्ता गर्ने तयारी थालेको बताइएको छ । तर अमेरिका भने पछिल्लो समयमा तालिबानहरूको शान्तिवार्ताप्रतिको इमान्दारितामा प्रश्न गर्न थालेको छ ।


## सेवा करारमा लिने सम्बन्धि सूचना

प्रकाशित मिति २०७७/०२/२९

यस बालाजु स्कूल अफ इन्जिनियरिङ्ग एण्ड टेक्नोलोजीमा देहाय वमोजिमका पदमा अर्को निर्णय नभए सम्मका लागि सेवा करारमा कामकाज गर्न योग्यता पुगेका ईच्छुक १८ बर्ष पुरा भएका नेपाली नागरीकहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र आफ्नो शैक्षिक योग्यता तथा नागरिकता प्रमाणपत्रहरुको प्रतिलिपि सहित रु १० को टिकट टांसी यस स्कुलको प्रशासन शाखामा दरखस्त दिनुहुन सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ विस्तृत जानकारीको लागी यस स्कुलको सुचना पाटीमा हेर्नुहुन वा स्कूलको प्रशासन शाखामा सम्पर्क गर्नुहुन समेत जानकारी गराईन्छ ।

१. पदः मेकानिकल प्रशिक्षक **२ (दूई) जना**
**(अधिकृत स्तर तृतिय श्रेणी प्रा.)**
आवश्यक न्यूनतम योग्यता - मेकानिकल ईन्जिनियरिङ्ग विषयमा स्नातक उतिर्ण गरी उक्त विषयमा अनुभव भएको ।

२. पदः अटोमोबाइल प्रशिक्षक **१ (एक) जना**
**(अधिकृत स्तर तृतिय श्रेणी प्रा.)**
अटोमोबाइल ईन्जिनियरिङ्ग वा सम्बन्धित विषयमा स्नातक उतिर्ण गरेको ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
**बालाजु स्कूल अफ इन्जिनियरिङ्ग एण्ड टेक्नोलोजी**
बालाजु, काठमाण्डौं, **४३५०२१४, ४३५०२१३**



## लाइसेन्स हरायो

मिति २०७६/१२/०२ जोरपाटी बाट न्यूरोडसम्म जाँदा मेरो निम्न व्यहोरा भएको लाइसेन्स हराएको हुदाँ पाउनुहुने महानुभावहरुले तलको ठेगानामा वा नजिकको प्रहरी कार्यालयमा बुझाई दिनु हुन हार्दिक अनुरोध गर्दछु ।

**नाम : देवेन्द्र खड्का**
**लाइसेन्स नं.: १०-१८-४७२६**
**ठेगाना : राजपुर-९, दाङ**
**सम्पर्क : ९८६२५२८४२८**



**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७१/०१/२१ मा दर्ता भएको **प्रा.लि. नं. १२२१५७** को **पाठशाला ओरेन्टेशन प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७७/०२/२७ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



## मर्चवारी गाउँपालिका
### गाउँकार्यपालिकाको कार्यालय
### रायपुर, रुपन्देही
### प्रदेश नं.५

## सिलबन्दी दरभाउपत्र सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७७/०२/२८**

यस गाउँपालिकालाई आ.व. ७६/७७ को लागि आवश्यक स्यानिटरी प्याड सामानहरु सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले मु.अ.क. मा दर्ता भएका इच्छुक ईजाजत प्राप्त सप्लायर्स, बिक्रेता तथा व्यवसायीहरुले रितपुर्वकको सिलबन्दी दरभाउपत्र तपशिलको शर्तहरुको पालना हुनेगरी सार्वजनिक खरिद अनुगमनको Website : www.bolpatra.gov.np/egp मार्फत पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु :**

१. आ.व. ०७६/७७ को लागि नविकरण भएको ईजाजतपत्रदर्ता र मु.अ.कर दर्ता सहितको स्थायी लेखा नम्बर, प्रमाण पत्र, आ.व. ०७५/७६ को करचुक्ताको प्रमाण पत्र पेश गर्नुपर्ने छ ।
२. बोलपत्र खरिद तथा पेश गर्नको लागि तपशिल अनुसारको बोलपत्र दस्तुर रकम, उल्लेखित मिति र समयमा यस गाउँपालिकाको सिद्धार्थ बैंक लि., मर्चवारी शाखामा रहेको संचित कोष खातामा जम्मा गरेको बैक भौचर पेश गर्नुपर्ने छ ।
३. बोलपत्र पेश गर्दा जमानत प्राप्त तपशिलमा उल्लेखित रकम यस गाउँपालिकाको कार्यालयको
सिद्धार्थ बैंक लि., मर्चवारी शाखामा रहेको धरौटी खातामा (जम्मा गर्न पठाउने कार्यालयको नाम मर्चवारी गाउँपालिका, रुपन्देहीमा रकम जम्मा गरेको सक्कल बैंक भौचर वा कम्तिमा १२० दिन म्याद भएको यस गाउँपालिकाको नाममा जारी भएको विड वण्ड पेश गर्नुपर्ने छ ।
४. बोलपत्र तपशिलमा उल्लेखित मिति र समयमा सार्वजनिक खरिद अनुगमन कार्यालयको Website : bolpatra.gov.np/egp मार्फत अनिवार्य रुपमा पेश गर्नुपर्ने छ ।
५. अपलोड भएका बोलपत्रहरु तपशिलमा उल्लेखित मिति र समयमा यस गाउँपालिकामा बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ । प्रतिनिधि उपस्थित नभएपनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
६. बोलपत्रदाताले कबोल गरेको प्रत्येक आइटमको दररेटलाई (मु.अ.कर बाहेक) अंक र अक्षरमा स्पष्टसँग उल्लेख गर्नुपर्ने छ । अंक र अक्षरमा उल्लेखित दररेटमा भिन्नता भएमा अक्षरलाई मान्यता दिईने छ ।
७. बोलपत्रदाताले कबोल गरेको बोलपत्रमा तोकिएको परिमाण मापदण्ड अनुसार र समयमा सामान सप्लाई गर्न नसकेमा बजारबाट सिधै खरिद गरिनेछ । त्यसरी खरिद गर्दा बोलपत्रमा उल्लेख गरिएको मुल्य भन्दा बढी पर्न गएमा बोलपत्रदाताको धरौटी रकम र भुक्तानी गर्न बाकी रकमबाट असुलउपर गरिने छ ।
८. बोलपत्र स्वीकृत हुनु पुर्व खरिद मुल्याङ्कन समितिले बोलपत्रदाताहरुले पेश गरेको सामानहरुको नमुना निरिक्षण एवं परीक्षण गरी मात्र स्वीकृत गर्न सक्नेछ । साथै सप्लाई गरिने सम्पुर्ण सामानहरु नमुना बमोजिमको वा स्पेशिफिकेशन बमोजिमको उच्च गुणस्तरको हुनुपर्ने छ । अन्यथा सम्झौता रद्द गरिने छ ।
९. बोलपत्रमा उल्लेखित सामानहरु आ.व. ०७६/७७ भित्र पटक पटक वा एकमुष्ट खरिद गरिने छ । खरिद गरिने सामान घटी बढी हुन सक्ने छ ।
१०. कुनै बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पुर्ण अधिकार यस गाउँपालिकामा सुरक्षित रहने छ ।
११. सम्झौता गरी समयमा सामान सप्लाई नगर्ने फर्मलाई नियमानुसार कालो सुचीमा दर्ताको लागि सम्बन्धित निकायमा लेखि पठाईने छ ।
१२. शर्त रहेको रित नपुगेको तथा म्याद नाघी आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।
एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्मको नामबाट पेश गर्ने पाईने छैन ।
१३. बोलपत्र दाताले खरिद कारवाहिमा भाग लिन प्रचलित कानुन अनुसार अयोग्य नभएको, प्रचलित खरिद कारवाहिमा आफ्नो स्वार्थ नवाझिएको वा व्यवसाय सम्बन्धि कसुरमा आफुले सजाय नपाएको भनी स्वघोषणा पेश गर्नुपर्ने छ । त्यस्तो स्वघोषणा सूचना प्रकाशित भएको मिति पछिको हुनुपर्ने छ ।
१४. थप जानकारीको लागि यस गाउँपालिका कार्यालयको स्वास्थ्य शाखामा सम्पर्क राख्न सकिने छ ।
१५. यसमा नपरेका अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ अनुसार हुनेछ ।

**तपशिल**

| सि.नं | ठेक्का नं. | विवरण | बोलपत्र दस्तुर | कैफियत |
|---|---|---|---|---|
| १ | 26/MRM/076/077 | स्यानिटरी प्याड सामान सप्लाई | १००० | |

**प्रमुख प्रशासकीय अधिकृत**

# विनियोजन विधेयक २०७७ पारित

**मध्यान्ह संवाददाता**
काठमाडौं, २८ जेठ



विनियोज विधेयक २०७७ पारित भएको छ । बुधबारको तिनिधिसभा बैठकले विनियोजन विधेयक, २०७७ लाई पारित गरेको हो । बुधबारको बैठकमा सभामुख अग्निप्रसाद सापकोटाले उक्त विधेयक निर्णयार्थ प्रस्तुत गर्नुभएकामा सदनले बहुमतले पारित गरेको हो। यसअघि अर्थमन्त्री डा युवराज खतिवडाले बैठकमा उक्त विनियोजन विधेयक पारित गरियोस् भनी प्रस्ताव प्रस्तुत गरेका थिए । बैठकमा सभामुखले उक्त प्रस्ताव बहुमतले पारित भएको घोषणा गरे । संवैधानिक व्यवस्थानुसार अर्थमन्त्री डा खतिवडाले यही जेठ १५ गते सङ्घीय संसद्को संयुक्त सदनमा आगामी आर्थिक वर्ष २०७७/७८ को राजश्व र व्ययको वार्षिक विवरण(बजेट) प्रस्तुत गरेका थिए।

सरकारले आगामी आवका लागि रु १४ खर्ब ७४ अर्ब ६४ करोडको बजेट प्रस्तुत गरेको थियो । उक्त बजेटमा चालुतर्फ रु नौ खर्ब ४८ अर्ब ९४ करोड र पूँजीगततर्फ ३ खर्ब ५२ अर्ब ९१ करोड विनियोजन गरिएको छ । बजेटमा वित्तीय व्यवस्थातर्फ रु एक खर्ब ७२ अर्ब ७९ करोड व्यवस्थापन गरिएको छ । बजेटका स्रोतमध्ये राजश्वबाट रु आठ खर्ब ८९ अर्ब ६२ करोड र वैदेशिक अनुदानबाट रु ६० अर्ब ५२ करोड सङ्कलन हुने अनुमान गरिएको छ।

विनियोजन विधेयकमाथि प्रतिपक्ष दलका सदस्यले २६ खर्च कटौतीसम्बन्धी राखेको प्रस्तावलाई सभाको बहुमतले अस्वीकृत गर्‍यो । विनियोजन विधेयकका विभिन्न शीर्षकमाथि यही जेठ २३, २४ र २५ गते सदनमा छलफल भएको थियो भने तिनमाथि उठेका प्रश्नको सम्बन्धित मन्त्रीले जेठ २७ र २८ गते जवाफ दिए । प्रतिनिधिसभामा विनियोजन विधेयक, २०७७ अन्तर्गत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्, राष्ट्रिय योजना आयोगको सचिवालय एवं राष्ट्रपति र उपराष्ट्रपति कार्यालयका शीर्षकमाथि उठेका प्रश्नको प्रधानमन्त्री केपी शर्मा ओलीले बुधबार जवाफ दिएका थिए । उक्त खर्च कटौतीसम्बन्धी प्रस्ताव नेपाली कांग्रेसका पुष्पा भुसाल, उमा रेग्मी, सञ्जयकुमार गौतम, लक्ष्मी परियार, सुजाता परियार, डा मीनेन्द्रप्रसाद रिजाल, बहादुरसिंह लामा, डिला सङ्ग्रौला, राजेन्द्रकुमार केसी र देवेन्द्रराज कँडेलले प्रस्तुत गरेका थिए । सोही दलका मीनबहादुर विश्वकर्मा, पार्वता डिसी चौधरी, पद्मनारायण चौधरी, ज्ञानेनद्रबहादुर कार्की, गगनकुमार थापा, अतहरकमाल मुसलमान, डा नारायण खड्का, दिलेन्द्रप्रसाद बडू, भीमसेनदास प्रधान, रङ्गमती शाही र प्रकाशमान सिंहले विनियोजन विधेयकका विभिन्न शीर्षकमा खर्च कटौतीसम्बन्धी प्रस्ताव राखेका थिए । राष्ट्रिय जनमोर्चाका दुर्गा पौडेल, नेपाल मजदूर किसान पार्टीका प्रेम सुवाल, समाजवादी पार्टीका प्रदीप यादव र रामबाबुकुमार यादवको खर्च कटौती प्रस्तावलाई पनि सदनले अस्वीकृत गरेको छ । यसअघि बैठकमा सभामुखले खर्च कटौतीसम्बन्धी प्रस्ताव फिर्ता लिन सम्बन्धित सदस्यलाई समय दिएकोमा उनिहरुले आफूहरूले उठाएको विषयमा चित्त बुझ्दो जवाफ नआएको जनाउँदै फिर्ता नलिने जवाफ दिएका थिए ।

## सर्वोच्चको आदेश
# ‘असार ७ गतेभित्र कर तिर्ने निर्णय रोक्नु’




**काठमाडौं/मस-** सर्वोच्च अदालतले असार ७ गते भित्र कर तिर्नुपर्ने सूचना खारेज गर्न सरकारलाई अन्तरिम आदेश दिएको छ । उक्त सूचना खारेज गर्न माग गर्दै परेको रिटमा बुधबार न्यायाधीशद्वय अनिलकुमार सिन्हा र मनोजकुमार शर्माको संयुक्त इजलासले यस्तो आदेश गरेको हो ।

अधिवक्ता सिर्जना अधिकारी सहितले दायर गरेको रिटमा पहिलो सुनुवाई गर्दै न्यायाधीश मनोजकुमार शर्माले दुवैपक्षको बहस सुनेर मात्र अन्तरिम आदेशबारे निर्णय गर्न आदेश दिएका थिए । दुवै पक्षको बहसपछि असार ७ गतेसम्म कर तिर्नु भन्दै सरकारले गरेको सूचना खारेज गर्न अदालतले अन्तरिम आदेश जारी गरेको हो ।

सरकारले जेठ २५ गते र जेठ मसान्तभित्र मूल्य अभिवृद्धि कर, आयकर, अन्तःशुल्क, शिक्षा सेवा शुल्क, टेलिफोन स्वामित्व शुल्क र दुरसञ्चार दस्तुरलगायतका विवरण र कर बुझाउन भनेको थियो । त्यसपछि चर्को विरोध भएपछि त्यसको म्याद फेरि असार ७ र १५ गते कायम गरिएको थियो ।

निवेदकका तर्फबाट वरिष्ठ अधिवक्ता सुशील पन्त र अधिवक्ताद्वय थानेश्वर काफ्ले (राजेश), र हरिबहादुर खड्काले बहस गरेका थिए । रिटमा लकडाउन पूर्णरुपमा खुला गरिएको ३ महिनाभित्र मात्रै कर बुझाउन पाउनु पर्ने माग गरिएको छ ।

# नेपाल पुनर्बीमा कम्पनीको शेयर नेप्सेमा सूचिकृत

**काठमाडौं/मस-**नेपाल पुनर्बीमा कम्पनीको आईपीओ बुधबार नेपाल स्टक एक्सचेञ्ज (नेप्से) मा सूचीकृत भएको छ। यस कम्पनीको १० करोड कित्ता शेयर नेप्सेमा सूचीकृत भएको हो । सूचीकृत भएको दोस्रो दिनबाट कारोबार गर्न सकिने व्यवस्था भएपनि बजार बन्द रहेकाले बजार सुचारु हुनासाथ कारोबार गर्न मिल्ने भएको छ । यस कम्पनीले नेप्सेमा सूचीकृत गराउनुपूर्वनै शेयरधनीहरुको हितग्राही खातामा शेयर जम्मा गराई सकेको छ। पहिलो कारोबारका लागि नेप्सेले १४१ रुपैयाँ दशमलव ४५ देखि ४२४ दशमलव ३५ रुपैयाँसम्मको मूल्यरेञ्ज तोकेको छ । सोहि मूल्यरेञ्जको आधारमा कम्पनीको पहिलो कारोबार खुला हुनेछ । लकडाउनका विच गत चैत २६ गते सर्वसाधारणलाई आईपीओ बाँडफाँट गरेको कम्पनीले लकडाउनकै विच सूचीकृत गर्ने योजना पुरा गरेको छ। कुल कित्तामध्य संस्थापकतर्फको ८ करोड ४० लाख र सर्वसाधारण तर्फको १ करोड ६० लाख कित्ता रहेको छ । कम्पनीको शेयर जेठ ११ गतेनै संस्थापक सहित १० करोड कित्ता शेयर सिडिएस एण्ड क्लियरिङ लिमिटेडमा अभौतिकीकरण गरिएको थियो ।

# विशाल सहकारीले कृषि उत्पादन र खरिद विक्री केन्द्र स्थापना गर्ने

**सहवान अन्सारी/मध्यान्ह**
नवलपरासी, २८ जेठ



नवलपरासीको बर्दघाटमा रहेको विशाल बहुउद्देश्यीय सहकारीले कृषि उत्पादन र खरिद विक्री गर्ने भएको छ । कृषि उत्पादनको लागि बर्दघाट ९ मा रहेको ४५ कठ्ठा जमिन ५ वर्षका लागी लिजमा लिएर तरकारी खेति उत्पादनका लागी फिल्ड तयार गर्ने काम अहिले चलिरहेको विशाल बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष विनोद खनालले जानकारी दिए ।

‘अहिले कृषि उत्पादन सुरुवात गरी यसलाई विस्तार गर्दै दुग्ध व्यवसाय र कृषि खरिद बिक्रि केन्द्रको रुपमा अगाडि बढाइने छ’, अध्यक्ष खनालले भने, ‘हरेक शेयर सदस्यले आफ्नो घरमा गरेका उत्पादनहरुलाई बजारसम्म पुर्‍याउने काम सहकारी मार्फत गर्ने र शेयर सदस्यहरुलाई कृषि उत्पादन र बजारीकरणमा जोड्ने रणनीतिका साथ अगाडि बढेका छौं ।’

प्रदेश नम्बर ५ अन्तगत रहेको भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र विशाल सहकारीको संयुक्त लागानीमा कृषि उत्पादन गर्न लागिएको हो । जसको अनुमानित लागत ३५ लाख २७ हजार ३ सय २५ रहेको छ । उल्लेखित रकममध्ये प्रदेश ५ अन्तर्गत रहेको भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले ५० प्रतिशत हुन आउने रकम अनुदान स्वरुप सहकारीलाई दिने र बाँकी ५० प्रतिशत रकम विशाल सहकारीले नै लगानी गर्ने अध्यक्ष खनालले बताए । प्रदेश सरकारसँग २०७७ बैशाख ३ गते यस सम्बन्धी सम्झौता भई फिल्ड तयारी गर्ने काम चलिरहेको छ ।

# चालु आ.व.को पूँजीगत खर्च ३० प्रतिशत




**मध्यान्ह संवाददाता**
काठमाडौं, २८ जेठ

चालु आर्थिक वर्षको एघार महिनामा ३० प्रतिशत पूँजीगत खर्च (विकास खर्च) भएको छ। महालेखा नियन्त्रक कार्यालयको यही जेठ २७ गतेसम्मको तथ्यांकानुसार पूँजीगत खर्चमा कुल अनुमानित खर्चको ३० दशमलव १६ प्रतिशत खर्च भएको देखिएको छ ।

सरकारले चालु आर्थिक वर्षमा विकासनिर्माणका लागि पूँजीगत खर्चतर्फ रु चार खर्ब आठ अर्ब ५९ करोडको बजेट छुट्याएका हालसम्म रु एक खर्ब २३ अर्ब पाँच करोड पाँच लाख खर्च भएको देखिन्छ । चालुखर्च (तलबभत्ता आदि) भने ६७ प्रतिशत भएको छ। चालुतर्फ रु नौ खर्ब ५७ अर्ब १० करोड खर्च गर्ने लक्ष्य लिइएकामा मङ्गलबारसम्म ६७ दशमलव १८ प्रतिशतस्वरुप रु छ खर्ब ४२ अर्ब ९३ करोड ९४ लाख खर्च भएको मनिकाको तथ्याङ्कले देखाएको छ।

रु एक खर्ब ६७ अर्ब ८५ करोड ९८ लाख वित्तीय व्यवस्था( सार्वजनिक संस्थानमार्फत पूँजी निर्माणमा हुने खर्चका लागि दिइने बजेट) तर्फ खर्च गर्ने लक्ष्य लिइएकामा हालसम्म रु ८३ अर्ब ८६ करोड ८३ लाख (४९ दशमलव ९६ प्रतिशत) खर्च भएको छ ।

चालू आर्थिक वर्षमा सरकारले रु १५ खर्ब ३२ अर्ब ९६ करोड ७१ लाख कुल बजेट छुट्टाएकामा एघार महिनाका अवधिमा चालु, पूँजीगत र वित्तीय व्यवस्थापन गरी रु आठ खर्ब ४९ अर्ब ८५ करोड ८१ लाख खर्च (५५ दशमलव ४४ प्रतिशत खर्च) भएको हो । गत माघ अन्तिम साता चालू आवको अर्धवार्षिक समीक्षामा अर्थमन्त्री डा युवराज खतिवडाले संशोधित बजेटको आकार रु १३ खर्ब ८५ अर्ब ९६ करोड ३६ लाखमा ल्याउनुभएको थियो। सो समीक्षामा कुल बजेटको ९०.४ प्रतिशत खर्च हुने अनुमान गरिएको थियो ।

यस्तै चालु आर्थिक वर्षमा सरकारको राजश्व सङ्कलनको अवस्था ५० प्रतिशत नाघेको छ । एघार महिनाका अधिमा लक्ष्यको ५७ दशमलव ४३ प्रतिशत आम्दानी भएको मनिकाले देखाएको छ। रु ११ खर्ब १२ अर्ब ३३ करोडको वार्षिक लक्ष्यमा हालसम्म रु छ खर्ब ३८ अर्ब ६१ करोड ३२ लाख राजश्व संकलन भएको छ ।

यसैगरी कर आम्दानीतर्फ ५७ दशमलव ५६ प्रतिशत उपलब्धि भएको छ। रु दश खर्ब नौ अर्ब १६ करोड १८ लाख लक्ष्य रहेकामा रु पाँच खर्ब ८० अर्ब ८८ करोड ६३ लाख आम्दानी भएको छ । यस्तै गैरकर आम्दानी भने ५६ दशमलव १२ प्रतिशत भएको छ ।

पूर्वअर्थसचिव रामेश्वर खनाल सरकारी संयन्त्रको संस्थागत क्षमतामा कमी हुँदा लक्ष्यानुसार विकास खर्चमा कमी भएको बताउँछन् । “बजेट खर्च नहुनुमा अर्थ मन्त्रालय र अर्थमन्त्रीको मात्र जिम्मेवारी हुँदैन, सबै मन्त्रालय र मन्त्रीज्यूहरूले जिम्मेवारीका साथ नेतृत्व दिएमा विकास खर्चमा प्रगति हुन्छ”, उनले भने । उनका अनुसार सरकारले नीति मात्र बनाएर खर्च नबढ्ने भएकाले काम गर्ने परम्परालाई समेत परिवर्तन गरी खर्च नीतिलाई स्पष्ट बनाएमा लक्ष्यानुसार बजेट खर्चमा वृद्धि हुनेछ ।

# लकडाउनमा पनि मनाङमा विकास निर्माण धमाधम



**नविन अँकुर/मध्यान्ह**
मनाङ, २८ जेठ

जसलाई हिमाल पारिको जिल्ला भन्ने गरिन्छ, यहाँको लागि अहिले हरेक दृष्टिले उपयुक्त मौसम हो । खेतबारीका काम, पर्यटकको चहल पहल, व्यापार बन्ध या विकास निर्माणका काम प्रायः यहि समय बढि हुने गर्दछ । ठीक यसैबेला कोरोना संक्रमणको जोखिमबाट बच्न लागू गरिएको लकडाउनका कारण अन्यत्र विकास निर्माणका काम ठप्प प्रायः छ या धीमा गतिमा छ । तर मनाङमा भने लकडाउनकाबीच पनि विकास निर्माणको काम धमाधम छ ।

मनाङमा बन्दाबन्दीमै पर्यटन पदमार्गदेखि स्वास्थ्यचौकी भवनसम्मको निर्माण कार्य भइरहेको छ। बन्दाबन्दीमा बाहिरी जिल्लाका श्रमिक आउन समस्या भए पनि स्थानीय युवा परिचालन गरी विकास निर्माणलाई निरन्तरता दिइएको छ ।

मनाङ प्रवेश नाका नासों गाउँपालिका-१ ताल हुँदै वडा नं २ नाँचेगाउँसम्म पदमार्ग निर्माणको काम चलिरहेको वडा नम्बर १ का अध्यक्ष झलकबहादुर गुरुङले जानकारी दिए । उनले अन्य वडामा पनि पदमार्ग निर्माण गरिने जानकारी दिए ।

यस्तै वडा नम्बर २ का अध्यक्ष भीमबहादुर गुरुङका अनुसार पार्क निर्माण, ताम्राङ पुलदेखि वडा नम्बर ६ र ७ सम्म जोड्दै पदमार्ग भीमताङसम्म चार हजार मिटर उचाइमा रहेको ड्रोनाताल जोड्ने पदमार्गमा रेलिङ निर्माणको काम भइरहेको छ ।

सिमित साधन श्रेतको अभावका बाबजुत आफ्ना सबै वडामा आवश्यक योजना निर्माण र उपभोक्ता समितिको मातहतमा काम भएको गाउँपालिका अध्यक्ष चन्द्र घलेले जानकारी दिए । संकटले अवसरपनि दिलाउँछ भने झैं कतिपय कठिनाईकाबीच मनाङमा बन्दाबन्दीको समयमा पदमार्ग निर्माण सहज भएको छ। मनाङ पर्यटकीयस्थल भएकाले पनि पदमार्ग निर्माण आवश्यक पूर्वाधारको कार्यपनि हो ।

COVID-19 NOVEL CORONA VIRUS (nCOV)
जनहितका लागि जारी जनचेतनामूलक सन्देश

नोबेल कोरोना भाइरस (Conid-19) का मूख्य लक्षणहरु




नोबेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ताभित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।

कसरी आफू बच्ने र अरुलाई बचाउने ?

- नियमित रूपमा साबुन पानीले हात धुने ।
- खोक्दा र हाछ्युँ गर्दा नाक र मुख छोप्ने ।
- फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।
- फ्लू जस्तो लक्षण देखिने जो कोहीको सम्पर्कबाट टाढा रहने ।
- जङ्गली तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा रहने ।
- पशुजन्य मासु, दुध तथा अण्डा राम्रोसँग पकाएर खाने ।

मध्यान्ह
Madhyanha National Daily राष्ट्रिय दैनिक
कार्यालय
बागबजार, काठमाडौं
फोन नं. ०१-४२२६३६६

www.madhyanhadaily.com
मध्यान्ह दैनिकको facebook Page
Madhyanha News

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरू
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
डि. आर. ट्रेडिङ्ग कन्सर्न
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८१३२५४२७५

दिवा सेवा तथा रात्री सेवा
माउण्ट मकालु यातायातको काउन्टर नयाँ बसपार्कमा पनि खुलेको यात्रुहरूलाई जानकारी गराईन्छ ।
सम्पर्क : कलंकी : फोन : ४२८१९७२
प्रेम रतन डिलक्स काठमाडौं-गौर, सम्पर्क : ९८५१०६३०४२ (प्रेम)
ग्यालक्सि डिलक्स : लालवन्दी-मलंगवा
९८१३६६६७०० रामहरी

अब जनता बोल्छन्, जनतापाटी सँगै...
जनतापाटी
www.janatapati.com
Janatapatinews YouTube Janatapati Janatapati

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रकः एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**